# आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन


बसन्त बहादुर बोहरा

उप-सचिव

प्रधानमन्त्री रोजगार कार्यक्रम

## श्रोतगत रकमको विवरण

| क्र.स. | कार्यक्रमको नाम तथा ब.उ.शि.नं. | श्रोत | कुल विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम (३७१००१०२) | नेपाल सरकार | २ अर्ब | १अर्ब ५२ करोड ५२ लाख ४४ हजार- रोजगारी सिर्जना |
| २ | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (३७१००१०३) | विश्व बैंकको शोधभर्नामा आधारित ऋण | ३ अर्ब ८५ करोड ८४ लाख ८५ हजार | १८ करोड २४ लाख ८५ हजार- श्रोत फरक परि नेपाल सरकार भएको (मन्त्रालयले श्रोत मिलान गर्ने) |

## युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तर्फका कार्यक्रमहरु

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम |
|---|---|
| २.४.१.७ | रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च |
| २.४.११.२ | कार्यस्थल सुरक्षा सामाग्री |
| विविध | रोजगार सहायक तथा प्राविधिक सहायकको तलब, पोशाक भत्ता तथा स्थानीय भत्ता |
| २.६.४.९३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन |
| २.६.४.३१५ | कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम |
| २.६.५.३१ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन |
| २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन |
| २.७.२५.१६२ | महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन |

## युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तर्फका कार्यक्रमहरु

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम |
|---|---|
| २.७.२८.१३५ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/ कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्धन अभियान संवन्धि कार्यक्रम सञ्चालन |
| २.७.२८.१३६ | रोजगार संवाद मञ्चको सञ्चालन |
| २.७.३.८ | रोजगारी सृजना (आई.डि.ए. श्रोत तर्फको) |
| २.८.१.१० | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरीक्षण |
| २.९.९.७ | अन्य विविध खर्च |

## ❑ बजेट तथा योजना तर्जुमा प्रक्रिया

- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- विनियोजित बजेटका हरेक क्रियाकलापमा स्थानीय तहबाट श्रोत तथा बजेट साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सकिने ।
- रोजगारी सिर्जनाका कार्य गर्दा **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७** को दफा ३ को 'श्रमिकको ज्याला रकम साझेदारी आयोजना' लाई प्राथमिकता दिनु पर्ने। आयोजना तर्जुमा गर्दा सोही कार्यविधिको दफा ४ ले तोकेका सामुदायिक आयोजनाहरुलाई प्राथमिकता दिनु पर्ने।
- **पूर्वाधार निर्माण तथा मर्मत आयोजनामा स्थानीय तह वा अन्य श्रोतबाट आवश्यकता अनुसार थप बजेट परिचालन गरी आयोजना सञ्चालन गर्दा गुणस्तर कायम गर्न सघाउ पुग्ने।**

## ❑ YETI आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन;

- YETI तर्फको बजेट तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्दा **'युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९'** बमोजिम गर्ने।
- **नमूना रोजगार सेवा केन्द्र**को लागि उपलव्ध बजेटबाट क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन गर्दा **'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०'** ले तोके बमोजिम गर्नुपर्ने । **यस सम्बन्धमा इकाईले थप स्पष्ट पार्नेछ।**
- स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालनको लागि उपलव्ध बजेटको परिचालन,

## ❑ YETI आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन...

- कार्यस्थल सुरक्षा सामाग्रीको लागि उपलब्ध बजेटबाट YETI, २०७९ **को दफा ७४ को उपदफा (६) "घ"** मा तोकिए बमोजिमका कार्यस्थल सुरक्षा उपलब्ध गराउनु पर्नेछ।
- OJT and Life Skill का लागि बजेट विनियोजन गरि तोकिएका स्थानीय तहले रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेट मध्ये **चालीस जना सूचिकृत बेरोजगार** लाई YETI, २०७९ को परिच्छेद ५ बमोजिम **पचास दिनको सीप विकास तथा जीवन उपयोगी तालिम** र बाँकी पचास दिन **दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाई** रोजगारी उपलब्ध गराउनु पर्नेछ। सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालनको लागि इकाईले मार्गदर्शन तथा नमुना बोलपत्र कागजात उपलब्ध गराउनेछ।

## ❑ YETI तर्फ रोजगारी सिर्जनाको लागि विनियोजित बजेटको कार्यान्वयन;

**कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि बजेट विनियोजन भएका**

- ४० जनालाई तोकिए बमोजिम सेवा प्रदायक छनौट गरी ४० दिनको कार्यस्थलमा आधारित सीप तथा १० दिनको जीवन उपयोगी गरी ५० दिनको तालिम सञ्चालन गर्ने। सो तालिममा सहभागी भए बापत तोकीएको ज्यादा दर अनुसार ज्याला भुक्तानी गर्ने ।
- बाँकी ५० दिनको दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाई रोजगारी उपलब्ध गराउने ।
- चालिस जनाभन्दा बढीलाई रोजगारी सिर्जना अन्तर्गत बजेट प्राप्त भएका स्थानीय तहले देहाय बमोजिमका संख्यालाई कार्यविधिको २३ बमोजिमको रोजगार आयोजनामा खटाई रोजगारी उपलब्ध गराउने;

देहाय;

$$\text{नोट: संख्या} = \frac{\{\text{रोजगारी सिर्जनाको लागि उपलब्ध कुल बजेट} - (४० * १०० * \text{ज्यालादर})\}}{(\text{ज्याला दर} * १००)}$$

## ❑ महिला लक्षित तयारी क्लव सञ्चालन

**❑ प्रस्तावित मापदण्डका मुख्य बिषयहरु;**

- **रोजगारीका लागि महिला लक्षित तयारी क्लव सञ्चालनका उद्देश्यहरु;**
    - श्रम बजारमा उपलव्ध रोजगारीको अवसरमा महिलाको सहज पहुँच स्थापना।
    - श्रम बजार सम्बद्ध सीप तथा क्षमता विकास सहजिकरण।
    - श्रम बजारमा महिलाको आर्थिक सामाजिक सशक्तिकरण गर्न समन्वय र सहकार्य।
- ६ महिनाको लागि एक **युवा सहजकर्ताको** नियुक्ती गरी क्लव संचालन तथा सहजिकरणमा परिचालन, आवश्यकता अनुसार स्थानीय बिषयगत विज्ञलाई सहजिकरणको लागि परिचालन गर्न सक्ने।
- स्थानीय तहको **५०प्रतिशत वडामा प्रतिवडा एक क्लव संचालन गर्ने,** कम्तिमा महिनामा एक पटक क्लवको बैठक बस्ने।
- स्टेशनरी तथा खाजा व्यवस्थापन।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था।

## ❑ YETI तर्फका खर्च शिर्षक र खर्चका शर्तहरु;

| क्रियाकलाप सं नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|
| २.४.१.७ | रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च | रोजगार सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री व्यवस्थापनमा नियमानुसार खर्च गर्ने। |
| २.४.११.२ | कार्यस्थल सुरक्षा सामाग्री | YETI (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ७४ को उपदफा (६) बमोजिम कार्यस्थल सुरक्षा तथा सामग्रीको व्यवस्था गर्ने। |
| २.५.३.५ | रोजगार सहायकको तलब | रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक तथा प्राविधिक सहायकको तलब, पोशाक तथा स्थानीय भत्ता भुक्तानीमा खर्च गर्ने। |
| २.५.३.७ | रोजगार सहायकको पोशाक भत्ता | |
| २.५.३.६ | रोजगार सहायकको स्थानीय भत्ता | |
| २.५.७.१० | प्राविधिक सहायकको पोसाक | |
| २.५.७.८ | प्राविधिक सहायकको तलव | |
| २.५.७.९ | प्रा. स. स्थानीय भत्ता | |

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
| --- | --- | --- |
| २.६.४.९३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | यसै मार्गदर्शनको बुँदा नम्बर १० बमोजिम कार्यान्वयन गर्ने। |
| २.६.४.३१५ | कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम | मार्गदर्शनको बुँदा नम्बर ७ख, ८ र ९ बमोजिम सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ६१ बमोजिम खरिद विधि अपनाई छनौट भएको सेवा प्रदायकले तालिम सञ्चालन गरेवापत नियमानुसार खर्च गर्ने। |

## ❑ YETI तर्फका खर्च शिर्षक र खर्चका शर्तहरु क्रमश;

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|
| २.६.५.३१ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | निर्देशिकाको दफा ५८ बमोजिम अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्न नियमानुसार खर्च गर्ने। |
| २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गतको बजेट स्थानीय तहको प्राथमिकता तथा 'श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८' ले तोकेका क्षेत्रमा अभियान सञ्चालन गर्न नियमानुसार खर्च गर्ने। |
| २.७.२५.१६२ | महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन | मार्गदर्शनको बुँदा नं. ११ बमोजिम क्लव सञ्चालनमा नियमानुसार खर्च गर्ने। |

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
| --- | --- | --- |
| २.७.२८.१३५ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/ कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्धन अभियान कार्यक्रम सञ्चालन | तोकिए बमोजिम नियमानुसार खर्च गर्ने। |
| २.७.२८.१३६ | रोजगार संवाद मञ्चको सञ्चालन | एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा २१ बमोजिम रोजगार संवाद मञ्चको सञ्चालनमा नियमानुसार खर्च गर्ने। |
| २.७.३.८ | रोजगारी सृजना (आई.डि.ए.) | तोकिए बमोजिम नियमानुसार खर्च गर्ने। |
| २.८.१.१० | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरीक्षण | रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन कार्यमा नियमानुसार खर्च गर्ने। |
| २.९.९.७ | अन्य विविध खर्च | रोजगार सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने अन्य विविध कार्यमा नियमानुसार खर्च। |

## ❑ PMEP तर्फका खर्च शिर्षक र खर्चका शर्तहरु;

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|
| २.५.७.५ | रोजगार संयोजकको तलव | रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको तलब, पोशाक तथा स्थानीय भत्तामा खर्च गर्ने। |
| २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | |
| २.५.७.७ | रोजगार संयोजकको पोशाक | |
| २.७.३.७ | रोजगारी सिर्जना | • मार्गदर्शनको बुँदा नम्बर १४ बमोजिम कार्यान्वयन गर्ने।<br>• संख्या निर्धारण देहाय बमोजिम गर्ने;<br>देहाय;<br>नोट: संख्या $= \frac{\text{रोजगारी सिर्जनाको लागि उपलव्ध बजेट}}{(\text{ज्याला दर} * 100)}$ |

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम सञ्चालन विधि/प्रकृया;

- OJT and Life Skill सञ्चालनका लागि YETI कार्यविधि **२०७९ को दफा ६१ मा उल्लेख भए बमोजिम कार्यक्षेत्रगत शर्त** तथा नमूना बोलपत्र सम्बन्धी कागजात उपलव्ध गराईनेछ।
- नमूना बोलपत्र सम्बन्धी कागजातलाई कार्यविधिको **दफा ६१ को उपदफा (२) तथा उपदफा (३) सेवा प्रदायकको न्यूनतम् योग्यता र मूल्यांकन मापदण्ड निर्धारण** गरी सोही दफामा उल्लेख भए बमोजिम सेवा प्रदायकको छनौट गर्नुपर्नेछ।
- स्थानीय तहले YETI कार्यविधि २०७९ को **दफा ६१ मा उल्लेखका पाँच बिषय (सडक मर्मत तथा सम्भार, सिकर्मी तथा डकर्मी, प्लम्बर , र इलेक्ट्रिसियन)** मध्येबाट चालिस दिने कार्यस्थलमा आधारित सीप तालिम र दश दिने जीवन उपयोगी तालिम सञ्चालन गर्नुपर्नेछ। उल्लेखित बिषयहरुको पाठ्यक्रम https://pmep.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।
- सीप विकास तथा जीवन उपयोगी तालिम प्रदान गर्दा YETI कार्यविधि, २०७९ को दफा १७ बमोजिम सूचीकरण तथा बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ बमोजिम प्राथमिकीकरणमा परेका बेरोजगारहरुलाई प्रदान गर्नुपर्नेछ।

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम सञ्चालन विधि/प्रकृया;

- तालिम अवधिमा तोकिए बमोजिमको ज्याला रकम युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (शंसोधित) २०७९ को **दफा २९ मा उल्लेख भए बमोजिम तालिममा खटिए बापत सम्बन्धित लाभग्राहीको खातामा** हाजिरीको आधारमा भुक्तानी गर्नुपर्नेछ।
- यसरी तालिम प्राप्त गर्ने लाभग्राहीलाई बाँकी पचास दिनको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (शंसोधित) २०७९ को दफा २३ मा उल्लेख भए बमोजिमका रोजगार आयोजनामा खटाई न्यूनतम रोजगारी प्रत्याभुत गर्नपर्नेछ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (शंसोधित) २०७९ को दफा ६२ मा तोकिए बमोजिम नियमित अनुगमन गर्नुपर्नेछ, प्राप्त अनुगमन प्रतिवेदनका आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ भने तालिम सञ्चालनको नियमित सुपरिवेक्षण गर्नुपर्नेछ।
- इकाईले तोकेको ढाँचामा मन्त्रालय/इकाईलाई तालिम सञ्चालनको प्रतिवेदन उपलव्ध गराउनुपर्नेछ।

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि सेवा प्रदायक छनौट प्रकृया –POM दफा 61;

(१) छनौट भएका स्थानीय तहलाई सीप विकास तालिम सञ्चालनका लागि सेवा खरिद गर्न ईकाइले विश्व बैंकको सहमतिमा आवश्यक कार्यक्षेत्रगत शर्त र नमुना बोलपत्र सम्बन्धी कागजात सहित मार्गदर्शन उपलब्ध गराउनेछ।

(२) सेवा प्रदायकको न्यूनतम् योग्यता देहाय बमोजिम हुनुपर्नेछ;

(क) यस कार्यविधिको दफा ३३ को उपदफा १ मा तोकिएका मध्ये न्युनतम एक बिषयमा तालीम प्रदान गरेको,

(ख) कम्तीमा ३ बर्ष तालिम सञ्चालन गरेको अनुभव भएको,

(ग) ३९० घण्टाको व्यवसायिक सीप विकास सम्बन्धी कुनै तालिम सञ्चालन गरेको अनुभव भएको,

(घ) गत सात बर्ष भित्र कुनै तीन बर्षको औषत २० लाख बराबरको बार्षिक कारोबार गरेको,

(ङ) सेवा प्रदायक प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदमा आवद्द भएको हुनुपर्ने।

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि सेवा प्रदायक छनौट प्रकृया –POM दफा 61;

(३) न्यूनतम योग्यता पूरा गरेका सेवा प्रदायकहरु मध्येबाट गुणस्तर र लागत दुवै आधारमा एकै चरण (Single Stage) मा मूल्यांकंन हुनेगरी तपसिल बमोजिमको मापदण्ड अनुसार योग्यताक्रम निर्धारण गरि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सेवा प्रदायक छनोट गर्नुपर्नेछ:-

(क) सीप विकास सम्बन्धी जुनसुकै क्षेत्रको तालिम प्रदानको सात वर्ष वा सो भन्दा बढी अनुभव - **अधिकतम १० अङ्क**

(ख) दफा ३३ को उपदफा १ मा तोकिएका मध्ये न्युनतम एक देखि अधिकतम चार बिषयमा (सडक मर्मत तथा सम्भार बाहेक) ३९० घन्टाको तालीम प्रदान गरेको अनुभव वापत - **अधिकतम २५ अङ्क**

(ग) तालिम सञ्चालन गरिने जिल्लामा अनुभव र दर्ता भएको सेवा प्रदायकको हकमा - **५ अङ्क**

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि सेवा प्रदायक छनौट प्रकृया –POM दफा 61;

(घ) कार्यक्षेत्रगत शर्तमा उल्लेख गरिएका बिषयहरुलाई समेटी सेवा प्रदायकले पेश गरेको अवधारणा, विधि, कार्य योजना र कार्यक्षेत्रगत शर्त उपर प्रतिकृयामा (Concept, Methodology and Work plan in responding to Terms of Reference) अधिकतम **-२० अङ्क**

(ङ) सबैभन्दा न्यूनतम लागत पेश गर्ने प्रस्तावदाता **- ४० अङ्क,**

(च) अन्य प्रस्तावदाताको हकमा सार्वजनिक खरिद नियमावलीको अनुपातित आधार (Prorated Basis) मा सार्वजनिक खरिद नियमावलीको नियम ८१ को उपनियम २ बमोजिम आर्थिक प्रस्तावको अङ्क निर्धारणमा व्यवस्था भए बमोजिम आर्थिक प्रस्तावका लागि **अधिकतम् ४० अङ्क कायम गरि प्राप्त अङ्क गणना** गर्नुपर्नेछ।

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि सेवा प्रदायक छनौट प्रकृया –POM दफा 61;

(४) स्थानीय तहले उपदफा (२) बमोजिमको योग्यता तथा उपदफा (३) बमोजिमको निर्धारित मापदण्ड अनुसार प्राप्त नमुना बोलपत्र कागजातलाई अन्तिम रुप दिई पन्ध्र दिने सार्वजनिक सूचना मार्फत शिलवन्दी दरभाउ पत्र जारी गर्नुपर्नेछ।

(५) पहिलो पटक सूचना प्रकाशन गर्दा योग्यता पुगेका कम्तिमा ३ वटा दरभाउ पत्र पेश हुनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दरभाउपत्र पेश हुन नआएमा सात दिनको म्याद दिई पून: सूचना प्रकाशन गर्नुपर्नेछ। पुन:सूचना प्रकाशन गर्दा समेत तीनवटा भन्दा कम योग्य प्रस्ताव प्राप्त भएपनि मान्य हुनेछ।

(७) दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनैपनि प्रस्ताव प्राप्त नभएमा स्थानीय तहले न्यूनतम् योग्यता पुगेको सेवाप्रदायकबाट सेवा लिन सोझै खरिद गर्न समेत सक्नेछ।

(८) सेवा प्रदायक खरिद सम्बन्धी अन्य बिषयहरु सेवा प्रदायकलाई जारी कार्यक्षेत्रगत शर्त र बोलपत्र सम्बन्धी कागजातमा तोकिए बमोजिम हुनेछ।

## ❑ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम कार्यान्वयनको अनुगमन –POM दफा 62;

(१) स्थानीय तहबाट सञ्चालन भएका तालिमको गुणस्तर सुनिश्चितताका लागि इकाईले तोके बमोजिमको ढाँचामा स्थानीय तहको योजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति वा सम्बन्धित वडाको वडा स्तरीय अनुगमन समितिबाट नियमित अनुगमन गर्नुपर्नेछ। रोजगार सेवा केन्द्रले अनुगमनको लागि संयोजनकारी भुमिका निर्वाह गर्नुपर्नेछ।

(२) अनुगमन समितिबाट प्रतिवेदन प्राप्त भएपश्चात मात्र अन्तिम भुक्तानी गर्नुपर्नेछ।

(३) स्थानीय तहले तालिम सम्पन्न भए पश्चात ईकाइले तोके बमोजिमको ढाँचामा ईकाइलाई प्रतिवेदन उपलव्ध गराउनुपर्नेछ।

(४) इकाईले स्थानीय तहमा सञ्चालित तालिमको स्थलगत अनुगमन गर्न सक्नेछ।

## ❑ रोजगार आयोजना छनौट तथा रोजगारी उपलव्ध गराउने सम्बन्धमा;

- ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको श्रोत परिचालन गरी रोजगार आयोजना सञ्चालन गर्दा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' को दफा **५२ अन्तर्गतको सीप तथा क्षमता विकास तालिम र दफा ७० अन्तर्गतका पूर्वाधार निर्माण तथा** मर्मत क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ साथै निर्देशिकामा तोकिएको ज्यालादर अनुसार एक सय दिनको रोजगारी उपलव्ध गराउन पुग्ने बेरोजगार संख्यालाई रोजगारी उपलव्ध गराउनुपर्नेछ।
- **रोजगार आयोजनामा श्रमिक परिचालन** 'बेरोजगार व्यक्तिको सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६' ले तोकेको प्राथमिकताक्रम अनुसार हुनु पर्नेछ। रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाइ काम गर्न इन्कार गरेमा वा तोकिएको आचरण अनुशासन पालना नगरेमा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' को दफा २२ बमोजिम बेरोजगार व्यक्तिको सूचीबाट हटाउन सक्नेछ।

## ❑ बजेट खर्च, लेखाकंन र प्रतिवेदन सम्बन्धी व्यवस्था;

- बजेट खर्च र लेखाकंन स्थानीय तहको प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम गर्नु पर्नेछ।
- PMEP निर्देशिका (संशोधित), २०७५ र YETI कार्यविधि, २०७९ ले तोके बमोजिमको क्षेत्रमा श्रोतगत बजेट सीमाभित्र रहि खर्च गर्नु पर्नेछ ।
- तोकिए भन्दा वाहिर अनुदान रकम खर्च भएमा खर्च गर्ने अधिकारी, पदाधिकारी तथा निकाय स्वयं जिम्मेवार हुनु पर्नेछ।
- स्थानीय तहले खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा SuTRA प्रणालीको प्रयोग गर्नु पर्नेछ। रोजगार सेवा केन्द्रको खर्चको भुक्तानीको विवरण EMIS मा मासिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

## ❑ बजेट खर्च, लेखाकंन र प्रतिवेदन सम्बन्धी व्यवस्था;

- रोजगारी सिर्जना अन्तर्गत विनियोजन भएको बजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ।
- श्रमिकको पारिश्रमिक निर्धारण निर्देशिकाको दफा २७(१) बमोजिम हुनु पर्नेछ।
- श्रमिकको पारिश्रमिक भुक्तानी गर्दा निर्देशिकाको दफा २८(१) बमोजिम बैङ्क मार्फत गर्नु पर्नेछ।
- अनुदान र खर्चको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हिसाव मिलान गर्नु पर्नेछ।
- खर्च नभएको अनुदान रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

# धन्यवाद